लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण परियोजना

नेपाल सरकार
-जाईका
प्राबिधिक सहयोग

# जेमसीप अपडेट

डिसेम्बर २००९, अंक २

## स्थानीय विकास अधिकारी, मोरङबाट शुभकामना

नेपाल सरकार र जाईकाको प्राविधिक सहयोगमा संचालित ५ वर्षे लैङ्गिक मूलप्रवाहिकरण तथा सामाजिक समावेशीकरण परियोजना (जेमसिप) ले प्रकाशन गर्न लागेको जेमसीप अपडेटको दोश्रो अंकको लागि जि.वि.स. मोरङको स्थानीय विकास अधिकारीको रुपमा मैले आफ्ना संक्षिप्त भनाई राख्न पाएकोमा मलाई धेरै खुशी लागेको छ र यस अवसरको लागि जेमसीप अपडेट नामक सूचना पुस्तिकाको सम्पादक मण्डललाई विशेष धन्यवाद टक्रयाउन चाहन्छु । साथै लै.मू.सा.स. सम्बन्धी रचनात्मक गतिविधिहरुको बारेमा सरोकारवालाहरुको माझमा अद्यावधिक सूचना प्रवाह गर्ने विशेष उद्देश्यले सुभारम्भ भएको जेमसीप अपडेटको सफल प्रभावकारी प्रकाशनको निरन्तरताको लागि शुभकामना व्यक्त गर्दछु ।

नेपालमा सामाजिक, ऐतिहासिक, सांस्कृतिक, राजनैतिक, आर्थिक, औद्योगिक र भौगोलिक पृष्ठभूमिमा एउटा विशेष पहिचान बोकेको मोरङ जिल्लामा संचालित जेमसीप परियोजनाले लैंगिक तथा समावेसीकरण जस्तो ज्वलन्त सवाललाई राष्ट्रिय नीति, निर्णय, कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मुल्यांकनको सवलिकरणमा सहयोग पुर्‍याउदै स्थानीय सरकार तथा स्थानीय निकायको लैंगिक मूलप्रवाहिकरण तथा सामाजिक समावेशीकरण संयन्त्रलाई दिगो र प्रभावकारी स्वस्फुर्त संचालनमा टेवा पुर्‍याउदैं समग्र मोरङ जिल्लालाई एउटा लैंगिक मुलप्रवाहिकरण तथा सामाजिक समावेशीकरण, सामाजिक समता, समानता र सुशासन तथा सुव्यवस्था प्रतिविम्वित हुने गरी एउटा सफल पूर्ण समावेशी नमूना जिल्लाको रुपमा अग्रसक्रियता देखाउन र अन्य छिमेकी जिल्लाहरु समेतलाई लैंगिक मुलप्रवाहिकरण तथा सामाजिक समावेशीकरणको दिशामा अघि बढन एउटा अनुकरणीय व्यवहारिक मार्गदर्शन, सीप र प्रविधि हस्तान्तरण समेतमा दिगो योगदान पुर्‍याउने छ भन्ने गहिरो आशा लिएको छु । स-धन्यवाद ।

पशुपति पोखरेल
स्थानीय विकास अधिकारी
जिल्ला विकास समिति, मोरङ

## स्थानीय विकास अधिकारी, स्याङ्जाबाट शुभकामना

नेपाल सरकार र जापान अन्तराष्ट्रिय सहयोग नियोगको प्राविधिक सहयोगमा संचालित लैङ्गिक मूलप्रवाहिकरण तथा सामाजिक समावेशीकरण परियोजना (जेमसिप)ले आफ्नो दोस्रो जेमसीप अपडेट प्रकाशन गर्न लागेको खवर पाउँदा अत्यन्त खुसी लागेको छ । सर्वप्रथम यस अपडेटमा शुभकामना दिने अवसर प्रदान गरेकोमा जेमसिप परियोजनालाई धन्यवाद दिन चाहान्छु ।

राष्ट्रिय सवाल र चुनौतिको रुपमा रहेको नेपालको लैङ्गिक समता र सामाजिक समावेशीकरण सम्वन्धी विद्यमान नीति, निर्देशिका र कार्यक्षेत्रलाई सुदृढीकरण गर्ने उद्देश्यले संचालित नमुना परियोजना यस जिल्लामा कार्यान्वयन गर्न पाउँदा गौरव लागेको छ । यो परियोजना मार्फत स्याङ्जा जिल्लाले स्थानीय स्तरका आवधिक र वार्षिक योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका क्षेत्रमा पछाडि पारिएका लिङ्ग, समुदाय र जातिलाई मूलप्रवाहिकरण गरी नमुना जिल्लाको रुपमा विकास गर्नेछ भन्ने विश्वास लिएको छु । यसको लागि सवै निकायहरु बाट सहयोगको अपेक्षा गर्दै आफु र आफ्नो निकायको पुर्ण सहयोग र समन्वयको प्रतिवद्धता व्यक्त गर्दछु । प्रकाशन हुन लागेको यो न्यूजलेटरले लैङ्गिक समता र सामाजिक समावेशीकरण को दिशामा सहयोगी वन्न सफल होस भन्दै यसको निरन्तरताको लागी समेत हार्दिक शुभकामना व्यक्त गर्न चाहान्छु । धन्यवाद ।

दीर्घनारायण पौडेल
स्थानीय विकास अधिकारी
जिल्ला विकास समिति, स्याङ्जा

## जेमसीप विज्ञ टोली बाट शुभकामना

जेमसीप ले फेब्रुअरी देखि अक्टुबर २००९ सम्मको आफनो पहिलो वर्षको कार्यक्रम पुरा गरेर नोभेम्बर २००९ देखि दोश्रो वर्षमा प्रवेश गरेको छ । यसका लागि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुर्‍याउनु हुने सम्पूर्ण महानुभावहरु प्रति हामी कृतज्ञता ज्ञापन गर्दछौं ।

स्थानीय तहमा लैंगिक मूलप्रवाहिकरण तथा सामाजिक समावेशीकरणको कार्यान्वयनमा जेमसीप केन्द्रित छ । यसले स्थानीय निकायका सबै तह गाविस देखि जिविस सम्म र विकास प्रक्रियाका सबै चरणहरु— योजना तर्जुमा देखि अनुगमन र मूल्यांकन सम्म लैंगिक र सामाजिक समावेशीकरणका सवाल प्रति उत्तरदायी हुन भन्ने चाहन्छ जसले गर्दा महिला र वञ्चित समूहका आवाजहरु विकासको निर्णायक तहसम्म पुग्न सकोस र उनीहरुको जीवनस्तर उकास्ने विकास संबन्धी नीति र कार्यक्रमहरुको तर्जुमा गर्न सकियोस ।

जेमसीपको अर्को महत्वपूर्ण पक्ष भनेको लैमू/सास सम्वन्धी सूचना र अनुभवको आदानप्रदान गर्न केन्द्रीय र स्थानीय तहको दोहोरो सम्बन्धलाई मजबुत पार्नु पनि हो जसले दुबै पक्षलाई अतुलनीय फाईदा पुर्‍याओस ।

कार्यक्रमको सफल परिणामको लागि हामी हाम्रो तर्फबाट हरसम्भव प्रयास गर्न र सबै सम्बन्धित सरोकारवालाहरुसँग आपसी सहयोगको सम्बन्ध स्थापित गर्न सदैव प्रयत्नशील रहनेछौं ।

तोशिको हमानो
मुख्य प्राविधिक सल्लाहकार, जेमसीप

## संयुक्त समन्वय समिति को बैठक

२००९ नोभेम्बर १ बाट जेमसीपको दोश्रो वर्ष सुरु भयो । नोभेम्बर १६ मा महिला विकास विभागको बैठक कक्षमा बिन्द्रा हाडा, सचिव –महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र श्याम प्रसाद मैनाली, सचिव– स्थानीय विकास मन्त्रालय को संयुक्त अध्यक्षतामा जेमसीप संयुक्त समन्वय समितिको दोश्रो बैठक सम्पन्न भयो । उक्त बैठकमा स्थानीय विकास मन्त्रालय का सहसचिव, स्थानीय विकास मन्त्रालय र महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका उपसचिवहरु, महिला विकास विभाग का महानिर्देशक र निर्देशक, मोरङ र स्याङ्जाका स्थानीय विकास अधिकृत र महिला विकास अधिकृतहरु, जाईकाको नेपालका लागि मुख्य प्रतिनिधि, जेमसीप टोलीका सदस्यहरुका साथै अन्य व्यक्तित्वहरुको सहभागिता रहयो ।

उक्त संयुक्त समन्वय समिति बैठकमा जेमसीपको रुपरेखा र पहिलो वर्षका क्रियाकलापहरुसगै आधारभूत सर्वेक्षणबाट पत्ता लागेका तथ्य र दोश्रो वर्षको कार्ययोजना प्रस्तुत र छलफल गरियो ।




संयुक्त समन्वय समितिको दोश्रो बैठक

## नमुना परियोजनाको लागि गाविस छनौट

लैमूसास उत्तरदायी संयन्त्र अनुरुपकोको नमुना परियोजना कार्यान्वयनका लागि पहिलो समूहका गाविस छनौटका लागि नोभेम्बर र डिसेम्बर महिनामा लैमूसास समन्वय समिति स्याङ्जा र जेमसीप कार्य समुह मोरङले श्रृंखलाबद्ध बैठक र क्षेत्रगत भ्रमण आयोजना गरे । छनौटको आधारहरु भौगोलिक र क्षेत्रीय सन्तुलन, जनसंख्याको विविधता, समुदायको तत्परता आदि थिए जसमा लैमुसास समन्वय समिति स्याङ्जा ,जेमसीप कार्य समुह मोरङ र जेमसीप टोली सहमत भएका थिए । यी उल्लेखित अधारहरुमा आधारित भएर बस्तुगत प्राप्तांक अनुसार दुवै जिल्लामा ६/६ गाविसहरु उमेदवार गाविस का रुपमा प्रथम छनौटमा परिसकेपछि एउटा टोलीले प्रत्येक गाविसको भ्रमण गऱ्यो र उनीहरुको नमुना परियोजना मा भाग लिने चाहना/तत्परता मापन गर्न सामूहिक अर्न्तवार्ता गऱ्यो ।

पहिलो समूहका लागि छनौट भएका गाविसहरु निम्न छन ।

| | | |
|---|---|---|
| मोरङ जिल्ला | उत्तर | टाँडी |
| | मध्य | तेतरिया |
| | दक्षिण | पोखरिया |
| स्याङ्जा जिल्ला | निर्वाचन क्षेत्र नं १ | फेदीखोला |
| | निर्वाचन क्षेत्र नं २ | विरुवाअर्चले |
| | निर्वाचन क्षेत्र नं ३ | जगत्रादेवी |

## गाविस अभिमुखिकरण

नमुना परियोजनाका लागि छनौट भएका मोरङका तीन वटै गाविस मा १६ देखि १८ डिसेम्बर सम्म र स्याङ्जाका तीन वटै गाविस मा २६, २८ र २९ डिसेम्बर मा आधा दिने गाविस अभिमुखिकरण कार्यक्रम सम्पन्न भयो । यसको मुख्य उद्देश्य भनेको जेमसीप र यसको नमुना परियोजनालाई परिचित गराउनु र यसको तयारीबारे सरोकारवालाहरुसँग छलफल गर्नु रहेको थियो । सहभागीको संख्या १९ देखि ७१ सम्म भएतापनि गाविस सचिव, राजनैतिक पार्टीका प्रनिनिधिहरु, लैमू /सास –सम्बन्धीत समीतिका प्रतिनीधिहरु, शिक्षक, गैसस प्रतिनीधिहरु, वडा र उपभोक्त समितिका प्रतिनीधिहरु लगायतका सरोकारवालाहरुको उल्लेखनीय उपस्थिति रहेको थियो । तेतरिया र पोखरिया गाविसमा त विद्यार्थी र युवाहरुको समेत सक्रिय सहभागिता रहयो । जिल्ला स्तरीय लैमुसास समन्वय समिति/ कार्य समुह का सदस्यहरुका साथै जेमसीप टोलीले अभिमुखिकरण को सहजीकरण गरेको थियो ।



गाविस अभिमुखिकरण, टाँडी गाविस, मोरङ जिल्ला

### जेमसीपका सम्पन्न क्रियाकलापहरु (सेप्टेम्वर – डिसेम्बर, २००९)

| महिना | क्रियाकलाप | स्थान |
|---|---|---|
| सेप्टेम्बर | जेमसीप परियोजना निर्माण ढाँचा ( PDM) सम्बन्धी कार्यशाला गोष्ठी | काठमाण्डौं |
| सेप्टेम्बर | परियोजना व्यवस्थापन समितिको बैठक | काठमाण्डौं |
| नोभेम्वर | संयुक्त समन्वय समिति को बैठक | काठमाण्डौं |
| नोभेम्वर-डिसेम्वर | जिल्ला स्तरीय जेमसीप समन्वय समिति को बैठक र आधारभूत सर्वेक्षण बाट पत्ता लागेका तथ्यहरु आदानप्रदान | मोरङ र स्याङ्जा |
| नोभेम्वर-डिसेम्वर | नमुना गाविस छनौट | मोरङ र स्याङ्जा |
| डिसेम्वर | नमुना गाविस परियोजनाको अभिमुखीकरण | मोरङ र स्याङ्जा |

### जेमसीपका आगामी क्रियाकलापहरु (जनवरी – मार्च, २०१०)

| महिना | क्रियाकलाप | स्थान |
|---|---|---|
| जनवरी | परियोजना व्यवस्थापन समितिको बैठक | काठमाण्डौं |
| जनवरी | जिल्ला स्तरीय लैमु / सास लेखाजोखा र परीक्षण कार्यशाला गोष्ठी | मोरङ र स्याङ्जा |
| जनवरी-फेब्रुअरी | सहजकर्ताको छनौट र तालिम | मोरङ र स्याङ्जा |
| फेब्रुअरी | जिल्ला स्तरीय लैमू / सास योजना तर्जुमा र अनुगमन कार्यशाला गोष्ठी | मोरङ र स्याङ्जा |
| मार्च | गविस स्तरीय लैमू/ सास लेखाजोखा र परिक्षण (आधारभूत सर्वेक्षण) | मोरङ र स्याङ्जा |
| मार्च | लैमू / सास नीतिगत छलफल (कार्यशाला) | काठमाण्डौं |